आज मिति २०७६/०५/१९ गते बिहिबारका दिन यस माईजोगमाई गाउँपालिकाका अध्यक्ष
श्री जीत बहादुर राई ज्यूको अध्यक्षतामा माईजोगमाई गाउँकार्यपालिकाको ६८ औं बैठक देहायका
सदस्यहरुको उपस्थितिमा बसि तपशिल बमोजिमका प्रस्तावहरु उपर छलफल गरि निर्णयहरु गरियो ।

**उपस्थिति**

| | | |
|---|---|---|
| श्री जीत बहादुर राई | माईजोगमाई गा.पा. | अध्यक्ष |
| श्री सावित्रा भट्टराई | माईजोगमाई गा.पा. | उपाध्यक्ष |
| श्री याम कुमार कार्की | | १ नं. वडा अध्यक्ष |
| श्री डम्बर बहादुर सुबेदी | | २ नं. वडा अध्यक्ष |
| श्री याम प्रसाद लामा | | ३ नं. वडा अध्यक्ष |
| श्री गणेश राई | | ४ नं. वडा अध्यक्ष |
| श्री दाताराम सञ्जेल | | ५ नं. वडा अध्यक्ष |
| श्री भवानी प्रसाद लिङ्दम | | ६ न वडा अध्यक्ष |
| श्री कविता राई | | सदस्य |
| श्री मीरा देवि खवास | | सदस्य |
| श्री सोम कुमारी साउदेन | | सदस्य |
| श्री मन कुमारी लिम्बु (आङभाङ) | | सदस्य |
| श्री वीर बहादुर देवान | | सदस्य |
| श्री याम बहादुर विश्वकर्मा | | सदस्य |
| श्री चन्द्र प्रकाश बस्नेत | | सदस्य सचिव |

**अन्य उपस्थिति**

श्री मान [illegible] पौडेल
श्री विरेन्द्र खड्का
श्री इन्द्र कुमार प्रधान
श्री कमल प्र. भण्डारी

**प्रस्तावहरु**

१. कानुनी परामर्शदाताको र इलेक्ट्रिसियन म्याद थप गर्ने सम्बन्धमा ।
२. गाउँपालिकाको दररेट स्विकृत गरी लागू गर्ने सम्बन्धमा ।
३. गाउँपालिकाको हेभि मेसिन प्रयोग सम्बन्धमा ।
४. माईजोगमाई गाउँपालिका क्षेत्र भित्र रहेका खोलाको विभिन्न स्थानबाट दिगो एबं वातावरण मैत्री रुपले नदिजन्य पदार्थ - ढुंगा वालुवा गिटी_ उत्खनन र संकलन कार्य गर्ने सम्बन्धमा ।
५. बजार अनुगमन सम्बन्धमा ।
६. ईन्सेक लाई कार्यक्रम सञ्चालन गर्न स्विकृति दिने सम्बन्धमा ।
७. उपभोक्ता समिति गठन तथा उक्त समितिका पदाधिकारीहरुलाई तालिम सम्बन्धमा ।

८. हेभि ईक्विप्मेन्ट सञ्चालन तथा व्यवस्थापन समितिको संयोजक र सदस्य सचिवको सुविधा सम्बन्धमा ।
९. समपूरक अनुदान मार्फत कार्यान्वियन हुने योजना छनोट सम्बन्धमा ।
१०. विविध

**निर्णयहरु**

१. कानुनी परामर्शदाताको म्याद थप गर्ने सम्बन्धमा छलफल गर्दा माईजोगमाई गाउँपालिकाको न्यायीक समितिको सचिवालय तथा गाउँकार्यपालिकाको कार्यालयलाई कानुनी परामर्श प्रदान गर्ने कार्यका लागी यस आ.व. २०७६/०७७ को लागी श्री वीर बहादुर खड्का लाई साविकको सेवा सुविधा र शर्तको अधिनमा रहि २०७६ साउन १ गते देखी लागु हुने गरी २०७६ पौष मसान्त सम्मको लागि सेवा म्याद थप गर्ने निर्णय गरियो । साथै गाउँपालिका भरी विद्युतीय समस्या समाधान गर्न र गाउँपालिकाको कार्यालय र मातहतमा विधुत सम्बन्धी कार्य गर्नको लागी गत साल देखि ज्यादारीमा कामकाज गर्दै आउनुभएका प्राविधिक श्री खेम कार्कीलाई साविकको सेवा सुविधा र शर्तको अधिनमा रहि कामकाजमा खटाउने गरी २०७६ साउन १ गतेबाट लागु भई २०७७ अषाढ मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो ।

२. स्थानीय सरकार सञ्चान ऐन २०७४ को दफा १३ अनुसार कार्य गर्न गाउँपालिकाको दररेट निर्धारण समितिको मिति २०७६/५/१६ गतेको बैठकले ईलाम जिल्ला दररेट समितिले तयार गरेको जिल्ला दररेटलाई आधार मानी तयार गरेको निर्माण सामाग्री, ढुवानी, भाडा, मेशिन तथा उपकरणको भाडाको गाउँपालिकाको न्यूनतम दररेट लाई सर्व सम्मतिले स्विकृत गरी लागू गर्ने निर्णय गरियो ।

३. गाउँपालिकाको हेभि मेसिन प्रयोग सम्बन्धमा छलफल गर्दा गत आ.व. ०७५/०७६ मा गाउँपालिकाको हेभि ईक्विपेन्ट प्रयोग गरी स्तरोन्नति गर्ने भनिएका योजनाहरु भएको काम अनुमोदन गरी यस वर्ष क्रमश स्तरउन्नति गर्दै जाने निर्णय गरियो साथै यस आ.व मा गाउँपालिकाको एक्साभेटर प्रयोग गरी निम्न सडकखण्डको स्तरउन्नती हुदै गरेको सडकको आजको मितिबाट थप २५० घण्टा सम्म निरन्तरता दिने निर्णय गरियो ।
**निम्नः**
१. गुम्वाडाँडा घारेगाउँ सरसुङ्ग अँधेरी सडक

४. माईजोगमाई गाउँपालिका क्षेत्र भित्र रहेका खोलाको विभिन्न स्थानबाट दिगो एबं वातावरण मैत्री रुपले नदिजन्य प्रदार्थ - ढुंगा वालुवा गिटी_ उत्खनन र संकलन कार्य गर्ने सम्बन्धमा छलफल गर्दा उक्त कार्यको लागी प्रारम्भिक वातावरण परिक्षण को लागी TOR तयार गरी नियमानुसार परामर्श सेवादाताबाट उक्त कार्यलाई अघि वढाउने निर्णय गरियो । साथै यस गाउँपालिका क्षेत्रका विभिन्न स्थानबाट ढुंगा, माटो तथा ग्राभेल व्यवसायिक रुपमा उत्खनन र संकलन गर्ने कार्यलाई दिगो एबं वातावरण मैत्री बनाउन गाउँपालिकाको अनिवार्य स्विकृती लिनु पर्ने निर्णय गरियो ।

०७६।५।१९

५. बजार अनुगमन सम्बन्धमा छलफल गर्दा वडा दशै २०७६ नजिकिदै गएको सम्बन्धमा यस गाउँपालिका क्षेत्र भित्रका विभिन्न वजारहरुमा विक्रि वितरण हुने माल सामान तथा खाद्यान्नहरुको मुल्य गुणस्तर तथा अन्य मापदण्डहरु भए नभएको अनुगमन गर्न आवश्यक भएकोले नियमित बजार अनुगमन गरी सोको प्रतिवेदन अनिवार्य कार्यपालिकामा पेश गर्न समितिलाई निर्देशन दिने निर्णय गरियो ।

६. अनौपचारीक क्षेत्र सेवा केन्द्र -ईन्सेक_ पुर्वाञ्चल क्षेत्रीय कार्यालयले मिति २०७६/५/११ मा कार्यक्रमका लागि अनुमति दिनु हुन भनि यस कार्यालयमा दर्ता गराएको निवेदनको आधारमा उक्त संस्थालाई आफ्नो उधेश्य अनुरुप आ.व ०७६/७७ देखि ०७८/७९ सम्म ३ वर्षको लागी यस गाउँपालिकामा स्थानीय समुदायलाई सचेत पार्दै जिम्मवार निकायलाई जवाफदेही बनाउन पहल -ईएलपी परियोजना सञ्चालन गर्ने अनुमति प्रदान गर्ने निर्णय गरियो ।

७. उक्त प्रस्ताव माथि छलफल गर्दा यस आ.व. ०७६/०७७ का लागि गाउँसभाबाट स्वीकृत भएका गा.पा. स्तरिय भौतिक निर्माण तर्फ र वडा स्तरिय योजना/ कार्यक्रमहरु कार्यान्वियनका लागि उपभोक्ता समिति/ समूह यहि असोज १५ भित्र गठन गरी गाउँपालिकामा पेश गर्ने निर्णय गरियो साथै उक्त उपभोक्ता समितिका पदाधिकारीहरुलाई दशैं - तिहारको बिचमा क्षमता अभिवृद्धि तालिम सञ्चालन गर्ने निर्णय गरियो ।

८. उक्त समितिको संयोजक मेसिन सञ्चालन भएको विभिन्न स्थानहरुको अनुगमन गर्न जानु पर्ने भएकोले मासिक १५ लि. पेट्रोल र सदस्य सचिवले मेसिन सञ्चालन गर्न सूचना प्रवाह गर्नु पर्ने भएकोले संचार खर्च वापत मसिक रु ६ सय सम्म खर्च गर्ने पाउने समितिको सिफारिसलाई स्विकृत गर्ने निर्णय गरियो ।

९. आर्थिक मामिला तथा योजना मन्त्रालय प्रदेश नं. १ को मिति २०७६/०५/०१ च.नं. ११ को समपुरक अनुदान सम्बन्धमा भएको परिपत्र बमोजिम कार्यान्वियन हुने गरी निम्न योजना छनोट गरी मन्त्रालयमा सिफारिस गर्ने निर्णय गरियो ।

**निम्नः**

१. नयाँबजार - थुम्के - जौबारी - मेम्मा पर्यटन सडक -खरखरे पानीट्यांकी छिपछिपे थुम्के खण्ड स्तर उन्नती_

१०. विविध

१. माईजोगमाई गाउँपालिका वडा नं १ स्थायी ठेगाना भएका निम्न व्यक्ति तथा परिवारलाई आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

| क्र.सं. | व्यक्ति/परिवारको नाम थर | कारण | आर्थिक/भौतिक सहायता | कैफियत |
|---|---|---|---|---|
| १. | मिङमा शेर्पा | घर जीर्ण र छानो पानी चुहिने | ४ बन्डल रङ्गिन जस्तापाता | वडा सर्जिमिन मुचुल्का र वडा सिफारिस |
| २. | महानन्द भण्डारी | असिनाले जस्ताको छानो क्षति गरेको | ३ बन्डल रङ्गिन जस्तापाता | वडा सर्जिमिन मुचुल्का र वडा सिफारिस |

२. बडा दशैं तथा शुभ दिपावलीको अवसरमा आयोजन गर्ने गरी प्रस्ताव पेश भएका निम्न बमोजिमका खेलकुद क्लबहरुलाई निम्नानुसारको खेलकुद प्रतियोगिता सञ्चालन गर्न विभिन्न खेलकुद क्लब सहयोग तथा प्रोत्साहन शिर्षकबाट आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

**निम्नः**

| क्र.स. | विवरण | ठेगाना | सहायता रकम | कैफियत |
|---|---|---|---|---|
| १ | ज्योति स्पोटिङ् क्लब | माईजोगमाई -४ | ५० हजार मात्र | |
| २ | लम्लि यूवा क्लब | माईजोगमाई -२ | ७० हजार मात्र | |

३. तपशिलका व्यक्ति तथा परिवारहरुलाई विपद कोषबाट राहत उपलब्ध गराउने निर्णय गरियो ।

| क्र.स. | व्यक्ति/परिवारको नाम, थर | ठेगाना | कारण | राहत सहायता रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | रेश बहादुर निरौला | माईजोगमाई -१ | घर आगलागी | ५० हजार मात्र | प्रहरी सर्जिमित मुचुल्का वाडा सिफारिस |
| २ | योगेन्द्र मणि घिमिरे -घाइते वर्ष ४ को निगम प्र. घिमिरेको बुबा_ | माईजोगमाई -३ | तातो खोलेमा परी सक्त घाइते | १५ हजार मात्र | वडा सिफारिस र हस्पिटल रिपोर्ट |

४. गुम्वाडाँडा खोल्मे घारेगाउँ हुँदै सरसुङ्ग तर्फ जाने सडकको थुम्के तर्फ जाने खण्डमा गएको पहिरो रोकथामका लागि प्रविधिक इस्टिमेट बमोजिम वन तथा भुसंरक्ष शिर्षकबाट खर्च हुने गरी कार्य अगाडि बढाउने निर्णय गरियो ।

५. स्थानिय सरकार सञ्चालन ऐन, २०७४ दफा ६२ मा व्यवस्था भए बमोजिम गाउँपालिकाको क्षेत्र भित्रका सामुदायिक वन उपभोक्ता समितिहरुलाई निर्देशन लेखि पठाउने निर्णय गरियो ।

६. यस गाउँपालिकाको अध्यक्ष श्री जीत बहादुर राई ज्यूलाई संयुक्त राज्य अमेरिकामा बसोबास गर्ने प्रवासी नेपाली समुदायहरुको साझा संस्था न्यू हेम्सायर नेपाली समुदाय (NHNC) ले सन २०१९ अक्टोवर ५ मा आयोजना गर्ने "The Viabilities and Investment Opportunities in Rural Areas in Nepal from Diaspora" विषयमा NHNC Panel- Discussion मा Panelist को रुपमा सहभागी हुन निमन्त्रणा पठाएको हुँदा नियमानुसार उक्त कार्यक्रमा सहभागी हुन आवश्यक प्रकृया अगाडि बढाउन अनुमति प्रदान गरियो ।

७. सम्पत्तिकर संकलनको भएको तपशिल बमोजमको द्विविधा सम्बन्धमा तपशिल बमोजिम गर्ने निर्णय गरियो ।

क. जग्गाधनीको मृत्यु भएमा - परिवारको उमेर पुगेको कुनै सदस्यले वा अलग अलग घर छुट्टी बसेका रहेछन भने र अलग कित्ता रहेछ भने घर धनीले नै बाबुको नामबाट विवरण अलग अलग दाखिला गर्न सक्ने तर अनिवार्य आमा / बाबु मृत्यु दर्ता पेश गर्नु पर्ने ।

ख. नेपाल सरकारको नाममा वा ऐलानी जग्गामा बनेका घरशरुको सन्दर्भमा वा वजार क्षेत्रमा रहेका घरहरुको विवरण दाखिला गर्दा जग्गाको कि.न. उल्लेख गरी घरको विवरण दाखिला गर्ने महलमा घरको विवरण मात्र दाखिला गरी कैफियतमा नेपालसरकार / ऐलानी / सार्वजनिक जग्गा उल्लेख गरी विवरण बुझी घरको मात्र सम्पत्तिकर लिने ।

०७६।७।१९

ग. नाफारहितका सामाजिक सेवाका उद्देश्यले स्थापना भएका सेवामुलक संस्था/ सरकारी भवन/ सामुदायिक भवन/ कार्यालयका भवनहरु/ मठ मन्दिर गुम्वा चर्च/ विद्यालय/गैर सरकारी संस्था आदिको भवन तथा जग्गाको विवरण संकलन गर्ने तर कर नलाग्ने सम्पत्ति उल्लेख गरी रेकड कायम गरी राख्ने ।

घ. नयाँबजार वजार क्षेत्रको हालसालै नापी भएको तर अध्यावधिक भई नसकेका जग्गाको साविक कि. न. नै उल्लेख गरी घरको मात्र विवरण संकलन तथा कर असुली गर्ने र धनीपुर्जा अध्यावधिक भई सकेपछिमात्र जग्गा धनीको जग्गा धनिपूर्जा राखी जग्गाको विवरण दाखिला गर्न लगाई अध्यावधिक भएको मिति देखिको जग्गाको कर लिने ।

ङ. जग्गा अध्यावधिकको लागि पर्न आएका निवेदनहरुको सम्वन्धमा - यस माईजोगमाई गाउँपालिकाले जारी गरेको सुचनाका आधारमा जग्गा अध्यावधिको लागि प्राप्त निवेदनहरुको सम्बन्धमा नापि कार्यालयवाट अमिन काजमा माग गरी नापि प्रतिवेदन लिने कसैको घर सार्वजनिक वा सडक क्षेत्रमा पर्ने गरी बनेको रहेछ भने सार्वजनिक वा सडक क्षेत्र गाउँपालिकाले खाली गर्नु भनेको बखत खाली गरी दिनेछु भन्ने मन्जुरीनामा साँध सधियारको मुचुल्का समेत गरी गाउँपालिका वाट अध्यावधिकको लागि सिफारिश गर्ने र हाल विविध कारणले निवेदन दिन छुट भएका जग्गा धनिलाई ७ दिन भित्र निवेदन पेश गर्न जानकारी गराउने । नापि भएका तर जग्गा धनि प्रमाण पुर्जा प्राप्त नगरेका घरधनिको हकमा निजहरुले दिएको विवरणको आधारमा निवेदन तथा शुल्क लिने तर निजहरुले दिएको निवेदनको पछाडी पट्टी विवरण सत्य छ । कुनै कारणले मैले दिएको विवरण कच्चा भई मेरो जग्गा अध्यावधिक नभएमा वा मेरो हानिनोक्सानी भएमा म स्वयं जिम्मेवार छु भनि लेखि लेखाई सहिछाप गराउने ।

च. सम्पत्ति विवरण दाखिलाको लागि गत आ.व. सम्मको मालपोत तथा घरधुरी कर तिरेको रसित हराई प्राप्त हुन नसकेमा सो वुझाएको प्रमाणित गर्न अधिकार गा. पा. रहेकोमा उक्त अधिकार वडामा नै प्रत्यायोजन गर्ने निर्णय ।